महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
प्रतापपुर गाउँपालिका
नवलपरासी

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)

२०७९ आषाढ

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. १८२

मितिः २०७९।३।२३

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
प्रतापपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
नवलपरासी ।

कैफियत सहितको राय

हामीले प्रतापपुर गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. प्रतापपुर गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू २ करोड ८ लाख ९१ हजार बेरुजू देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रू ४ लाख ५३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू १ करोड ८२ लाख ५९ हजार, नियमित गर्नुपर्ने रू २० लाख २० हजार र पेश्की रू १ लाख ६० हजार रहेको छ ।पालिकाको गतवर्षसम्म ११ करोड ४५ लाख ८६ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू १३ करोड ५४ लाख ७७ हजार रहेको छ । प्रतापपुर गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**

३. प्रतापपुर गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण मरासिनी)
नायब महालेखापरीक्षक

प्रतापपुर गाउँपालिका

बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछर्यौट			बाँकी बेरुजु			बेरुजु						
										नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या			दफा संख्या			दफा संख्या									
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
५३	४२	२०८९१	०	०	०	५३	४२	२०८९१	४५३	२०२०	१८२५९	०	०	२०२७९	१६०

अद्यावधिक बेरुजू स्थिति

२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछर्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
नवलपरासी	११४५८६	०	०	११४५८६	०	२०८९१	१३५४७७

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : प्रतापपुर गाउँपालिका, नवलपरासी , प्रतापपुर गाउँपालिका , नवलपरासी पश्चिम भाग

पद	**नाम**	**कार्यकाल सुरु मिति**	**कार्यकाल समाप्त मिति**
कार्यालय प्रमुख	चिरन्जिवि घिमिरे	२०७८-१०-२७	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	भेषराज खनाल	२०७७-५-१६	
कार्यालय प्रमुख	धनश्याम गाहा	२०७७-४-१	
लेखा प्रमुख	दिनानाथ ढकाल	२०७७-५-२५	
लेखा प्रमुख	राजु सुवेदी	२०७७-४-१	
		बेरुजु रकम	२०,८९१,४५४

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२७,६०,०८,५४७.५	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	४९,९२,७२,५४०	चालु खर्च	३६,९४,२८,७७९.९
प्रदेश सरकारबाट अनुदान	३,१५,१८,०००	पूँजीगत खर्च	१७,३४,१५,२५१.१
राजश्व बाँडफाँट	१०,०४,८७,०३९.९	वित्तीय/अन्य व्यवस्था	२८,४६,६७,९३९.६
आन्तरिक आय	८४,०२,६५०.१२		
अन्य आय	१३,०५,५४,०५१.२		
कुल आय	७७,०२,३४,२८१.२२	कुल खर्च	८२,७५,११,९७०.६
बाँकी मौज्दात		२१,८७,३०,८५८.२	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** **परिचय**-स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस प्रतापपुर गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु प्रतापपुर गाउँपालिकाको उद्देश्य रहेको छ ।यस गाउँपालिका अन्तर्गत ९ वडा, ६१ सभा सदस्य, ८७.५५ वर्ग किलोमिटर क्षेत्रफल तथा ४१३१५ जनसंख्या रहेको छ ।	
२			**आर्थिक कारोवारको स्थिती** ·स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम यस नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सरकारले पेश गरेको आर्थिक वर्ष 207७/ 7८ को वित्तीय कारोबारको स्थिति देहाय बमोजिम रहेको छ:-	

स्थानीय संचितकोष व्यवस्थापन प्रणाली(SuTRA)मा समावेश भएको आर्थिक कारोबारको स्थिति:

विवरण	टिप्पणी	यसवर्ष रु.			
		बजेट	आफैलेगरेको प्राप्ति/ भुक्तानी	वस्तुगत/सोभैभुक्तानी	जम्मा
प्राप्ती (क+ख)		६४,७०,८०,४९९.६५	६६,४५,४९,९२०.६६		६६,४५,४९,९२०.६६
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		६३,३५,१४,८३०	६४,७०,३९,३५३.०१	०	६४,७०,३९,३५३.०१
११००० कर	११	९,८०,२४,२९०	११,६२,६९,१४९.५१	०	११,६२,६९,१४९.५१
१३००० अनुदान		५३,०७,९०,५४०	५२,९४,५७,५४०	०	५२,९४,५७,५४०
संघीय सरकार	१२	४९,९२,७२,५४०	४९,७९,३९,५४०	०	४९,७९,३९,५४०
प्रदेश सरकार	१२	३,१५,१८,०००	३,१५,१८,०००	०	३,१५,१८,०००
बैदेशिक श्रोत	१२	०	०	०	०
१४००० अन्य राजस्व		४७,००,०००	१३,१२,६६३.५०	०	१३,१२,६६३.५०
३३००० दायित्व		०	०	०	०
ख. अन्य प्राप्ति		१,३५,६५,६६९.६५	१,७५,१०,५६७.६५		१,७५,१०,५६७.६५
वितरण गर्न बाकी राजस्व		०	०	०	०
कोषहरु		१,३५,६५,६६९.६५	१,३२,७८,६६९.६५	०	१,३२,७८,६६९.६५
धरौटी		०	४२,३१,८९८	०	४२,३१,८९८
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०
भुक्तानी (ग+घ)		८८,८८,२१,५४३.०५	५४,९६,५७,२१०.३८		५४,९६,५७,२१०.३८
ग. भुक्तानी (सञ्चित कोषबाट)		८७,५२,५५,८७३.४०	५४,२८,४४,०३०.९८		५४,२८,४४,०३०.९८
२१००० पारिश्रमिक / सुविधा	१८	१६,९५,१६,२५७	१३,३६,७६,२६६	०	१३,३६,७६,२६६
२२००० मालसामान तथा सेवाको उपयोग	१८	१४,७४,९०,८००	९,०७,६४,६७६.५२	०	९,०७,६४,६७६.५२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

२५००० सहायता (Subsidy)	१८	८,६५,२६,२५०	७,५४,५२,७८८	०	७,५४,५२,७८८
२६००० अनुदान	१८	०	०	०	०
२७००० सामाजिक सुरक्षा	१८	७८,६९,८००	५८,७४,५९३	०	५८,७४,५९३
२८००० अन्य खर्च	१८	६,४०,८८,५४३.४०	६,३६,६०,४५६.४०	०	६,३६,६०,४५६.४०
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	३९,९७,६४,२२३	१७,३४,१५,२५१.०६	०	१७,३४,१५,२५१.०६
घ. अन्य भूक्तानी		१,३५,६५,६६९.६५	६८,१३,१७९.४०		६८,१३,१७९.४०
कोषहरु		१,३५,६५,६६९.६५	५९,७७,३२८.४०	०	५९,७७,३२८.४०
धरौटी		०	८,४२,१००	०	८,४२,१००
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी			-६,२४९		-६,२४९
ङ. यो वर्षको बचत (न्युन)		(२४,१७,४१,०४३.४०)	११,४८,९२,७१०.२८		११,४८,९२,७१०.२८
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			२७,३५,६१,७७४.८४		२७,३५,६१,७७४.८४
वर्षान्तिको बाकी रकम (ङ + च)		(२४,१७,४१,०४३.४०)	३८,८४,५४,४८५.१२		३८,८४,५४,४८५.१२
बैंक तथा नगद बाकी	२४		३८,८४,५४,४८५.१२		३८,८४,५४,४८५.१२

स्थानीय संचितकोष व्यवस्थापन प्रणाली(SuTRA)मा समावेश नभएको आर्थिक कारोबारको स्थिती:

ब.उ.सि.न.	कार्यक्रमको नाम	बजेट	निकासा	खर्च
365001043	स्थानीय पूर्वाधार	7940000	4653786	4653786
350001204	संघ सर्शत अनुदान	00	00	00
314010123	सामाजिक सुरक्षा	107297000	104625491	104625491
336001023	गरिवसँग विशेश्वर	546000	17310	17310
३७७००११६४	एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम	37800000	2166250	2166250
जम्मा		**153583000**	**111462837**	**11462837**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३			**वित्तीय कारोवारको परीक्षण गर्दा देखिएका प्रमुख व्यहोराहरु यस प्रकार छन्:** कार्यालयले आर्थिक कारोवार संचालन गर्दा सूत्रको प्रयोग गरी आफ्नो कार्यालयबाट संचालन भएको सम्पूर्ण आर्थिक कारोवार (सामाजिक सुरक्षा भत्ता, पूर्वाधार विकास कार्यक्रम, पंजिकरण कार्यक्रम, बहुक्षेत्रिय पोषण कार्यक्रम आदी) सूत्रमा प्राविष्टि गरी सो अनुसार म.ले.प.फा.नं 272,275 र सो अनुसार सहायक अनूसूची-1 देखी 23 सम्म तयार गरी वित्तीय विवरण प्रस्तुत गर्नुपर्नेमा संघीय स्रोतको C-Gas बाट निकासा भएको सामाजिक सुरक्षा, स्थानीय पूर्वाधार, गरिवसँग विशेश्वर कार्यक्रम सुत्रमा समावेश नगरेकोले कार्यालयले तयार गरेको प्राप्ती र भुक्तानीको वित्तीय विवरण (म.ले.प.फा.नं.272) ले सबै आर्थिक कारोवारको चित्रण गर्न सकेको छैन। यर्थाथ चित्रण हुन नसकेको अवस्था निम्नानुसार देखिँदा त्यसमा सुधार गर्नुपर्ने देखिन्छ: •प्राप्ती र भुक्तानी विवरण (म.ले.प.फा.नं.२७२) मा सामाजिक सुरक्षा लगायत Cgas बाट निकासा हुने रकम समावेश नभएको, •गत वर्ष प्राप्ती र भुक्तानीको विवरणले रु.२७६००८५४.४९ बाँकी मौज्दात देखाएकोमा सोही मौज्दात यो वर्ष म.ले.फा.नं. 272 मा अ.ल्या. देखाउनु पर्नेमा रु २७३५६१७७४.८४ देखाएकोले फरक रकम रु २४५९६०९२०.३५ कम जिम्मेवारी सारेकोले यथार्थ खर्च एकिन हुन सक्ने आधार भएन । •म.ले.प.फा.न.272 ले संचितकोषमा आम्दानी रु.५४२८४४०३०.९८ देखाएको छ भने अनुसूची १० ले रु.६३९८२०३३३.०१ देखाएबाट रु.९६९७६३०.०३ फरक देखिएको छ। फरक पर्नुको कारण स्पष्ट गरेको छैन। सो स्पष्ट गर्नुपर्दछ। • म.ले.प.फा.न.२७२ ले वर्षान्तसम्मको मौज्दात रु.३८८४५४४८५.१२देखाएको छ भने अनुसूची १० ले रु.३६८२७५६०३.४९ देखाएबाट रु.२०१७८८८१.६३ फरक परेकोले सुत्रको आर्थिक विवरणले यथार्थ खर्चुको चित्रण गर्न सक्ने देखिएन • म.ले.प.फा.न.२७२ ले गत वर्षको जिम्मेवारी रु २७३५६१७७४.८४ देखाएको छ भने पालिकाले पेश गरेको वित्तीय विवरण अनुसार गत वर्षको जिम्मेवारी रु २७६००८५४७.८ देखिन्छ । म.ले.प.फा.न.२७२ अनुसार यस वर्षको वाँकी रु ३८८४५४४८५.१२ देखिन्छ भने पेश गरेको वित्तीय विवरण अनुसार रु २१८७३०८५८.२ देखिन्छ । फरक पर्नुको कारण स्पष्ट गरेको छैन।	
४			**आन्तरिक नियन्त्रण प्रणाली**	
४.१			आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन,अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन । • पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची 14 वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन। • कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन । • स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरू गठन गरेको पाइएन । • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो। • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो • वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन । • साना तथा ठुला सवै निर्माण कार्यको नापी किताव कम्प्यूटरबाट तयार गरिएको लुजशिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटाइज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ । • अधिकांश सडक तथा कुलो÷नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं.उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुन सक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरूलाई अनिवार्य गर्नुपर्दछ । • जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण तथा सेवा सम्वन्धी कार्यको लागत अनुमान तयार गरेको भए तापनि लागत अनुमान वेगर फर्निचर, कार्यालय सामान, कम्प्यूटर आदि खरिद गरेको देखिन्छ । • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन । • मुल्य अभिवृद्धि कर नियमावली, २०५३को नियम ६(क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्त्यमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको । • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन । • सार्वजनिक खरिद नियमावली, २०६४को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन। • वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको । • सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन । • निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन । • निजामती सेवा ऐन, २०४९ को दफा ७ख २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले कमर्चारीहरूको तलवी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा पालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
४.२			सूचना प्रविधी पद्धतिः गाउँपालिकाले राजश्व सँग सम्बन्धित सफ्टवेयर लगायत अन्य सफ्टवेयर प्रणाली संचालन गर्दा स्वीकृत म.ले.प. फारामहरुको प्रयोग गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाद्वारा आन्तरिक आय र योजनाको सफ्टवेयर संचालन गर्दा निम्नानुसार म.ले.प फारामहरुको प्रयोग गरेको पाईएन । तसर्थ स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी सूचना प्रविधी पद्वति (Software) को व्यवस्थापन र संचालन गर्नु पर्दछ । •कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्वतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको, • सूचना प्रविधी पद्वतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको, • सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा नराखेको, • सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको ।	
४.३			महालेखा नियन्त्रक कार्यालयले सम्पूर्ण सरकारी कार्यालयहरुको सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि स्वीकृत मलेप फारामको व्यवस्था गरेको छ । पालिकाले निम्नानुसार म.ले.प फारामहरु स्वीकृत ढाँचामा अद्यावधिक गरी राखेको छैन । अतः पालिकाले स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी सवारी साधन र मेशिनरी संचालन गरिनु पर्दछ । • म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक नराखेको र अद्यावधिक नभएको • म. ले. प. फाराम ४१५ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख नराखेको र अद्यावधिक नभएको	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४.४			म. ले. प. फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्वतिः भ्रमण खर्च नियमावली, 2064 मा भ्रमणमा खटिने पदाधिकारीहरुको भ्रमण अभिलेख तयार गर्नुपर्ने, भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था गरेको छ । त्यस्तै कार्यालयले कर्मचारीहरुको भ्रमण स्वीकृत गरी खर्च गर्दा औपचारिक भ्रमण प्रतिवेदन तयार गरी भ्रमण अभिलेख तयार गरेतापनि निम्नानुसारको म.ले.प फारामहरुको प्रयोग गरी विवरण तयार गरी अभिलेख राखेको पाईएन । • म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि दैनिक कार्यसम्पादन विवरण (TIME SHEET) नराखेको • म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख नराखेको • म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन नराखेको अतः कार्यालयले भ्रमण खर्चमा आन्तरिक नियन्त्रण हुने गरी उपरोक्तानुसारका स्वीकृत म.ले.प फारामहरुको प्रयोग गर्नु पर्दछ ।	
४.५			बेरुजु लगतः कार्यालयले स्वीकृत म.ले.प. फारामहरुको प्रयोग गरी विवरण अद्यावधिक गरी स्रेस्ता राख्नुपर्दछ । गाउँपालिकाले निम्नानुसार बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरेको पाईएन । • म. ले. प. फाराम ८०१ बमोजिम बेरुजु लगत • म. ले. प. फाराम ८०५ बमोजिम सम्परीक्षण गोश्वारा अभिलेख स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी स्रेस्ता अद्यावधिक गर्ने तर्फ ध्यान दिनु पर्दछ ।	
५			**वित्तीय विवरण**	
५.१			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी कोष स्थापना गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यसवर्ष कर्मचारीहरुको योगदानबाट हुने अंश कट्टी नगरी एकमुष्ट रु.१५०००००/- कर्मचारी कल्याण कोषको व्यवस्था गरेको छ । स्थानिय सरकार संचालन ऐन अनुसार स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत कट्टा गरी सो रकम बराबर हुन आउने रकम थप गरी कर्मचारी कल्याण कोष स्थापना र संचालन गर्नु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५.२			आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.१७ करोड ३४ लाख १५ हजार २ सय ५१ निकासा भएकोमा प्रथम चौमासिकमा रु. ७५ लाख १ हजार २ सया ४८ अर्थात ४।३३ प्रतिशत, दोश्रो चौमासिकमा रु.१ करोड ७१ लाख ७७ हजार ५०,अर्थात ९।९१ प्रतिशत र तेश्रो चौमासिकमा रु.१४ करोड ८७ लाख ३६ हजार ९ सय ५२ मात्र अर्थात ८५।७७ प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु.१० करोड २३ लाख २० हजार १ सय ९८ अर्थात ५९ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५.३			वित्तीय विवरण–स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।सञ्चित कोषको कारोवारको लेखा अध्यावधिक गरी कारोवारलाई पारदर्शी बनाउन आवश्यक देखिन्छ । • स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु २३७९५३६२६ ले फरक देखिएको छ । गाँउपालिकाले बैंक समायोजन हिसाब अनुसार चेक साट्न वाँकी रहेको कारण पेश गरेको छ । • लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । • कतिपय सम्बन्धित आर्थिक कारोबारहरूको गोश्वरा भौचर बजेट शीर्षकगत बैंक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैंक मैज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरूको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणत्मक नरहेको अवस्था छ । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाइएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
६			**शैक्षिक गुणस्तर**	

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६.१			राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्याङ्कन प्रतिवेन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर पापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी निम्नानुसार व्यहोरा रहेका छन् •सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन । •मापदण्ड बमोजिम अनुगमन गरेको छैन । •अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । • प्रतिवेदन सार्वजनिक गरेको छैन । तसर्थ गाउँपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर पापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ ।	
६.२			गाउँपालिकाले बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरी तयार गर्नुपर्ने, स्वीकृत कार्यक्रम र सम्झौता अनुसार अनुदान उपलब्ध गराउनु पर्ने र अनुदान निकासा अनुरुप नै पूर्वाधार निर्माण भए नभएको एकिन गर्नुपर्नेमा बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरेको छैन । कार्यक्रम स्वीकृत गरी सम्झौता गराई अनुदान उपलब्ध गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६.३			राष्ट्रीय शिक्षा नीति, 2076 मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । यस सम्बन्धी थप व्यहोरा निम्नानुसार रहेका छन् • निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन । • मापदण्ड बमोजिम अनुगमन गरेको छैन । • निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छैन । • शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अनुगमन गरेको छैन । • अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । अतः गाउँपालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ ।	
७			**पदाधिकारी सुविधा**	
७.१			आर्थिक सहायता – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु.२०००००। आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७.२			पदाधिकारी सुविधाः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम १ मा बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेको र उपनियम ३ मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने, विल भरपाई आउन नसक्ने काममा खर्च भएको फुटकर खर्चको हकमा खर्च गर्ने कर्मचारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा समर्थन गराई लेखा राख्नुपर्ने व्यवस्था छ । सोही उपनियम ३ को स्पष्टिकरणमा फुटकर खर्च भन्नाले एक पटकमा १ हजार रुपैंया भन्दा कम रकमको टेक्सी रिक्सा भाडा कुल्ली खर्च र दक्षिणा भन्ने उल्लेख छ । लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३,४,५,६,७,८ र ९ संग सम्बन्धित अनुसुची अनुसार स्थानीय तहका पदाधिकारीहरुलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट,जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरुलाई यो वर्ष यातायात सुविधा रु.२६२८०००/-, टेलिफोन तथा मोवाइल रु.१५०६०००/-, पुस्तक तथा पत्रपत्रिका इन्टरनेट रु.१३३२०००/-, जनसम्पर्क विशेष कार्यसुविधा रु.२२२००००/-, अतिथि सत्कारमा रु. ४९२०००/-, खानेपानी र सरसफाईमा रु.६००००/-, मर्मत संभार विजुलीमा रु.६००००/- समेत रु.८२९८०००/- खर्च भुक्तानी गरेको देखियो । कार्यालयले उल्लिखित अनुसारको रु.८२९८०००/- भुक्तानी गर्दा विल भरपाई नराखी एकमुष्ठ मासिक रुपमा भुक्तानी दिने गरेकोले उदेश्य अनुरुप निर्धारित कार्यमा उपयोग भए नभएको यकिन एवं विश्वस्त हुने अवस्था रहेन । अत उद्देश्य अनुरुप खर्च भएको विश्वस्त हुन सक्ने खर्चको प्रमाण पेश गरिनु पर्दछ ।	
७.३			खाना तथा विविध खर्च– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु १५६७०००।- खर्च गरेको छ ।	
८			**कानुन निर्माण**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८.१			कानून र सञ्चालन स्थिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १६ वटा ऐन, १० वटा नियमावली, ४ कार्यविधि, गरी ३० वटा कानुन र कार्यविधि लगायत निर्माण गरी कार्यान्यनमा ल्याएको छ । यस पालिकाले सार्वजनिक खरिद नियमावली तयार गरेको छैन् । तसर्थ आवश्यक सवै कानूनहरु तर्जुमा गरी उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।	
८.२			न्यायीक समितिः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन ७५ बाकी रहेको र यो बर्ष थप भएको ८६ गरी कुल १६१ भएकोमा ७५ वटा मात्र फछ्र्यौट भई ८६ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ ।	
९			**खरिद व्यवस्थापन**	
९.१			कार्य सम्पन्न प्रतिवेदन - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ वमोजिम सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ती गरिएको मालसामान वा प्रदान गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नुपर्नेमा सो नभएकोले कार्य स्वीकार प्रतिवेदन पेश गर्नु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९.२			माल सामानको गुणस्तर परीक्षणः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन्ः • कार्यालयमा मालसामान प्राप्त भएपछि खरिद सम्झौतामा उल्लेख भए अनुसार स्पेसिफिकेशन तथा गुणस्तर सम्बन्धी मापदण्ड पुरा गरे नगरेको खुल्ने गरी परीक्षण केन्द्रीय सहित नियमको व्यवस्था बमोजिम प्राविधिक स्पेशिफिकेशन तथा गुणस्तर सम्बन्धी सर्त पुरा गरे नगरेको प्रतिवेदन पेश गर्ने गरको पाइएन । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण केन्द्रीय (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ । • मालसामान खरिद गरी सम्बन्धित आपूर्तिकर्तालाई भुक्तानी गरेकोमा निरीक्षण÷परीक्षण गर्न गठन गरिएको बोर्डले तयार गर्नेगरेको खोलुवा फाराम समेत नलिई भुक्तानी गरेकोले उक्त भुक्तानी नियम सम्मत देखिएन ।	
९.३			सार्वजनिक परीक्षण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रबर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । कार्यालयले सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई सुनिश्चित हुने गरी कार्य गर्ने तर्फ ध्यान दिनु पर्दछ ।	
१०			**तलवी प्रतिवेदन** निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु.१९१७२६६३/- खर्च लेखेको पाइयो । तलबी प्रतिवेदन पारित नगरी खर्च लेखेकोले कर्मचारीहरुको ग्रेड वापतको रकम समेत एकिन गर्न सकिएन । पालिकाले तलबी प्रतिवेन पारीत गरेर मात्र तलब भत्ता खर्च लेख्नु पर्दछ ।	
११			**सार्वजनिक सम्पति**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११.१			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा साविकको गाउँ विकास समितिको चल अचल सम्पत्ति, दायित्वको सम्पूर्ण अभिलेख समेत देखिने गरी एकिकृत अभिलेख तयार भएको छैन । गाउँपालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा सम्पूर्ण हस्तान्तरित चल अचल सम्पत्ति तथा दायित्वको अभिलेख प्रविष्टि गरी एकीकृत अभिलेख प्रतिवेदन तयार गर्नु पर्दछ ।	
११.२			गाउँपालिकाले सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग नीति र मापदण्ड निर्माण गरी सार्वजनिक सम्पत्तिको प्रभावकारी र औचित्यपूर्ण प्रयोग गर्नु पर्दछ । पालिकाले सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड नबनाएको र सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन नगरेको पाईयो । गाउँपालिकाले सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग नीति र मापदण्ड निर्माण गरी सार्वजनिक सम्पत्तिको व्यवस्थापन गर्नु पर्दछ ।	
१२			**क्षेत्रगत वजेट**	
१२.१			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था रहेको छ । पालिकाले तोकिए बमोजिम प्रोफाइल तयार गरेको छैन । ऐन अनुसार आफ्नो क्षेत्रको एकिकृत अभिलेख र जानकारी समेटिएको प्रोफाईल तयार गर्नु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१२.२			बजेट सीमा निर्धारण समिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।	
१२.३			बजेट सीमा निर्धारण समिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१२.४			क्षेत्रगत बजेट र खर्चः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।	

क्र स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	५२००५५४०	२९७८९९५३.१७	५.४८
२	पूर्वाधार विकास	३४८९४४७२३	१३८८७६११५.१५	२५.५८
३	सामाजिक विकास	२८५८३२१५०	२२०२९९१९८.७३	४०.५८
४	सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र	२२८७८५००	१६६५६३६९	३.०७
५	अन्य कार्यालय संचालन तथा प्रशासनिक	१६५५९४९६०.४	१३७२३१३९३.९८	२५.२८
	जम्मा	८७,५२,५५,८७३.४०	५४,२८,४४,०३०.९८	

पालिकाले उपलब्ध गराएको विवरण अनुसार सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा कम ३.०७ प्रतिशत र सामाजिक विकास क्षेत्रमा ४०.५८ प्रतिशत बजेट विनियोजन गरी खर्च गरेको छ । पालिकाले संस्थागत सम्बन्ध तथा वातावरण शीर्षकमा कुनै पनि बजेट विनियोजन गरेको पाईएन । पालिकाले समानुपातिक विकास हुने गरी रोजगारी सिर्जनाको क्षेत्रमा जोड दिएर पूँजीगत विकासमा जोड दिनु पर्दछ ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१३			**पेश्की वाँकी** पेश्की बाँकीः आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम ४७ अनुसार दिईएको पेश्की लिने व्यक्ति तथा संस्थाले काम सम्पन्न भएको पन्ध्र दिनभित्र खर्च प्रमाणित गर्ने आवश्यक बील भरपाई र कागजात सहितको प्रतिवेदनका आधारमा कार्यालय समक्ष पेश गर्नुपर्ने र कार्यालयले पेश भएको सात दिनभित्र फछ्यौंट गर्नुपर्ने व्यवस्था रहेको छ । नियम 52(3) अनुसार कार्यालयले दिएको म्याद नाघेको पेश्की तोकिएको समयमा फछ्यौंट गरेको छैन । अतः पालिकाले विभिन्न व्यक्ति तथा संस्थालाई दिएको निम्नानुसार पेश्की रु.१६०००० नियमानुसारअसुल फछ्यौट गर्नुपर्ने रु.	१६०,०००
१४			**अनुदान फिर्ता**	
१४.१			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था रहेको छ । पालिकाले तोकिए बमोजिम प्रोफाइल तयार गरेको छैन । ऐन अनुसार आफ्नो क्षेत्रको एकिकृत अभिलेख र जानकारी समेटिएको प्रोफाईल तयार गर्नु पर्दछ ।	

क्र स	पेश्की लिनेको नाम	पेश्कीको विवरण	रकम
१	नारायण थारु	विमा तथा नविकरण	२००००
२	नारायण थारु	सवारी साधन मर्मत	४००००
३	रामचन्द्र केवट	औषधी उपचार खर्च	१०००००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१४.२</td><td></td><td></td><td>अनुदान फिर्ताः संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको रकम पालिकाले समयमै फिर्ता गर्ने तर्फ ध्यान दिनुपर्दछ ।
<table>
<tr><th>अनुदान प्रदान गर्ने निकास</th><th>अनुदानको प्रकार</th><th>प्राप्त रकम</th><th>खर्च रकम</th><th>फिर्ता रकम</th><th>वाँकी रकम</th></tr>
<tr><td>संघीय सरकार</td><td>शंसर्त, समपुरक</td><td>३६२३७२५४०</td><td>२११५२८५८९.२३</td><td>१५०८४३९५०.७७</td><td></td></tr>
<tr><td rowspan="2">प्रदेश सरकार</td><td>शसर्त</td><td>१९८५००००</td><td>७५०६२३३</td><td>१२३४३७६७</td><td></td></tr>
<tr><td>विषेश</td><td>६००००००</td><td>४४४११३१</td><td>१५५८८६९</td><td></td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>सोझैं निर्माण गराएको
सिधै निर्माण तथा खरिद कार्य गराएको:- सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा सार्वजनिक निकायले खरिद एवं निर्माण कार्य गराउदा प्रतिस्पर्धा सिमित हुने गरी टुक्ता-टुक्ता पारी खरीद गर्नु नहुने उल्लेख छ । यसै गरी नियमावली २०६४ को नियम ८ मा वार्षिक खरिद योजना बनाई लागत अनुमान तयार गरी विभिन्न कामलाई प्याकेज बनाई तथा सोहि नियमावलीको नियम ८५ मा पाँच लाख रुपैंयासम्म लागत अनुमान भएको निर्माण तथा खरिद कार्य सोझै गर्न सकिने र सो भन्दा बढी रकमको लागत अनुमान भएको निर्माण र खरिद कार्य प्याकेज बनाइ प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नु पर्नेमा पालिकाबाट प्राप्त बिबरण अनुसार पालिकाले विभिन्न वडाहरुका बिभिन्न सडक निर्माण तथा मर्मत र खरिद कार्यका लागि बिभिन्न २५ वटा निर्माण व्यवसायी तथा सप्लायर्सहरुलाई यो वर्ष रु ९४९६५०३।०० भुक्तानी दिएको छ । पालिकाबाट योजनाहरुमा बजेट बिनियोजन गर्दा न्यून रकमको साना साना योजनाहरु छनौट गरि बजेट बाँडफाँड गर्ने गरेको र ति योजनाहरु कार्यान्वयन गराउँदा ऐन तथा नियमावलीमा व्यवस्था भए अनुसार वार्षिक खरिद योजना तयार गरी निर्माण तथा खरिद कामलाइ प्याकेज बनाइ लागत अनुमान तयार गरी बिभिन्न कामलाइ प्रतिस्पर्धात्मक विधिबाट निर्माण तथा खरिद कार्य गराउनुपर्नेमा सो</td><td>३९३,३६६</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			नगरी सिधैं निर्माण तथा कार्य गरेकोले नियममा भएको प्राबधानको परिपालना गरेको नपाइएकोले पालिकाले यसमा सुधार गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन ।	
			(१) **बढि व्ययभार परेको:**-पालिकाले देहायमा उल्लेख गरिएका योजनाहरुमा प्रतिस्पर्धाको माध्यमबाट मितव्ययि रुपमा निर्माण काम गराएको अवस्थामा पुन सोहि स्थानमा लागत अनुमानको दरमा सिधैं निर्माण काम गराइ पालिकालाइ बढि व्ययभार पारेको पाइयो । यसरी बोलपत्रको माध्यमबाट काम भएको साइटमा सिधैं कोटेशनबाट सोहि निर्माण व्यवसायीलाइ पुन काम गर्न दिएको अवस्थामा काममा दोहोरोपना हुन सक्ने र निर्माण काम मितव्ययि रुपमा नभइ बढि लागत लाग्ने भइ पालिकालाइ बढि व्ययभार पर्न गएको देखिएकोले पालिकाले यस प्रकारको काममा नियन्त्रण गरि मितव्ययिता अपनाउनुपर्दछ । तसर्थ पालिकाले प्रतिस्पर्धाबाट काम गराएको भन्दा बढि दररेटमा देहाय अनुसार लागत अनुमानको दरमा सिधैं निर्माण काम गराइ पालिकालाइ रु ३९३३६६।०० बढि व्ययभार पारेको रु	
			बेलाटारी चोकदेखि कदमहवा टोल सडकको काम ठेक्का नं १४।०७७।७८ बाट प्रतिभा निर्माण सेवा अर्घाखाँचिबाट गरेकोमा सोहि स्थानमा पुन सोहि निर्माण व्यवसायीबाट सिधैं निर्माण काम गराएकोमा देहाय अनुसार देखियो ।	

गो भौ नं र मिति	भुक्तानि रकम	आइटमको नाम	परिमाण	दर	प्रतिस्पर्धाको दर	फरक दर	बढि मू अ कर समेत व्ययभार रु
४०।०७८।३।३०	१०४१६०	Construction of Roadway Embankment	24.50 cum	510	150	360	8820
		Providing and laying Sub-base	13.44 cum	2960	1000	1960	2634
		Providing and laying base course	12.60 cum	3100	2000	1100	13860
		मू अ कर समेत जम्मा					**28604**

बर्दघाटे पुलदेखि खैरटहवा सडकको काम ठेक्का नं १३।०७७।७८ बाट मनोहर कन्स्ट्रक्सनबाट गरेकोमा सोहि स्थानमा पुन शुलभ कन्स्ट्रक्सन रामग्राम नवलपरासीबाट सिधैं निर्माण काम गराएकोमा देहाय अनुसार देखिएको छ ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

गो भौ नं र मिति	भुक्तानि रकम	आइटमको नाम	परिमाण	दर	प्रतिस्पर्धाको दर	फरक दर	बढि व्ययभार मू अ कर समेत रु
२७।०७८।३। २८	२३८१४८	Providing and laying Sub-base	68.39 cum	2940	2000	940	**72643**

महेशपुर त्रिवेणि सडक अन्तर्गत झुल्निपुर गाउँ सडक कालोपत्रेको काम ठेक्का नं १२।०७७।७८ बाट शिब शक्ति रियल स्टेट एण्ड सौरब कन्स्ट्रक्सनबाट गरेकोमा सोहि स्थानमा पुन बि एस के कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि बाट सिधैं निर्माण काम गराएकोमा देहाय अनुसार देखिएको छ ।

गो भौ नं र मिति	भुक्तानि रकम	आइटमको नाम	परिमाण	दर	प्रतिस्पर्धाको दर	फरक दर	बढि व्ययभार मू अ कर समेत रु
२७१।०७८।३। ३०	४७५७४७	Providing and laying Sub-base	34.20 cum	2956	1450	1506	51505
		Providing and laying base course	31.40 cum	3095	1980	1115	35011
		Prime coat	320 sqm	117	100	17	5440
		Tack coat	288 sqm	143	98	45	12960
		Priemix carpet	288 sqm	283	190	93	26784
		Seal coat	288 sqm	113	30	83	23904
जम्मा							**175832**

धर्मौलिय अधुरो कालोपत्रेदेखि रेंगहिया बोर्डरसम्म सडकको काम ठेक्का नं ९।०७६।७७ बाट शुभलक्ष्मी कन्स्ट्रक्सन प्रा लि बाट गरेकोमा सोहि स्थानमा पुन सोहि निर्माण व्यवसायीबाट सिधैं निर्माण काम गराएकोमा देहाय अनुसार देखिएको छ ।

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय								बेरुजु रकम
			गो भौ नं र मिति	भुक्तानि रकम	आइटमको नाम	परिमाण	दर	प्रतिस्पर्धाको दर	फरक दर	बढि व्ययभार मू अ कर समेत रु	
			२३४।०७८।३।२८	२३८८२२	Construction of Roadway Embankment	31 Cum	510	190	320	9920	
					Providing and laying Sub-base	22.50 Cum	2955	1200	1755	39487	
					Providing and laying base course	14.26 Cum	3095	2000	1095	15614	
					Prime coat	142.60 sq.m.	117	100	17	2424	
					Tack coat	124 sq.m.	142	100	42	5208	
					Priemix carpet	124 sq.m.	282	50	232	28768	
					Seal coat	124 sq.m.	112	110	12	1488	
					जम्मा					**116287**	
					कुल जम्मा					**393366**	
१६			**उपभोक्ता मार्फत कार्य**								

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१६.१			प्राविधिक बिल र कार्य सम्पन्नः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बिलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।	
१६.२			उपभोक्ताको काम : सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ। पालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ। उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको हुनुपर्नेमा सो अनुसारको देखिएन। सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको पाईएन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१६.३			नर्म्सको दर भन्दा फरक दरमा भुक्तानी:- ६६...०७७।१२।१२ सार्वजनिक खरिद नियमावली,2064 को नियम 10 अनुसार निर्माण कार्यको लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत काम गराउँदा स्वीकृत नर्म्स र जिल्ला दररेट अनुसार हुने रकममा मुल्य अभिवृद्धि कर लाग्ने सामानको मुल्य अभिवृद्धि कर समेत हुने दरमा सम्झौता गरी भुक्तानी गर्नुपर्नेमा पालिकाले जगनाथपुर रवि पालको घरदेखि शम्भु गुप्ताको घरसम्म जाने वाटो मर्मतका लागि Brick work with local chiminey bricks of grade 1 in cement morter 1:4 को प्रति घन मिटरमा रु १२१३० भुक्तानी गर्नुपर्नेमा रु १२९७६ भुक्तानी गरेकोले वढी भुक्तानी भएको ३८.१८ घन मिटरको रु ८४५ का दरले हुने रकम उपभोक्ता समितिवाट असुल गर्नुपर्ने रु	३२,२६२
१६.४			ह्याण्ड पम्प तथा स्यालो ट्युववेल – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा योजना तर्जुमाको आधार तय गरेको छ । कार्यालयले कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।कार्यालयले वजेट तथा कार्यक्रम गराउँदा ह्याण्ड पम्प र सिंचाईको लागि गाउँपालिका तथा वडाहरुको लागि योजना तयार गरेको छ । नमुना परिक्षण विधिवाट परिक्षण गर्दा मा कृषिको लागि वोरिङ्ग जडानका पालिका स्तरिय र वडा स्तरिय वजेट विनियोजन गरेको छ ।जडान भएका वोरिङ्गवाट कति पानी डिस्चार्ज हुने र कति डिस्चार्ज भयो सो को मुल्यांकन नगरेको, जडान भएको वोरिङ्गको एकमुष्ठ नापी गरेको तथा वितरणको कार्यविधि तयार नगरी पालिकाको अध्यक्षको तोक आदेश तथा वडाध्यक्षको सिफारिसवाट विरण गरेको देखिन्छ । वितरणको कार्यविधि नवनाएको विगतमा सामग्री वुझे नवुझेको यकिन नगरेको सामान लैजाने व्यक्तिको लगत अद्यावधिक गरि पुनः सामग्री नपाउने व्यवस्था समेत नमिलाई खर्च लेख्ने परिपाटिलाइ निरुत्साहित गर्नुपर्दछ । कार्यालयले प्याकेज वनाइ खरिद प्रक्रियाको अवलम्वन गरि पालिका र वडा स्तरिय कार्यक्रम वनाउनु पर्दछ ।	

भौ न मिति	आयोजना	लागत अनुमान	भुक्तानी	संख्या
१६४...०७८।३।१४	वोरिङ जडान	१५३७४४८	१३९२७२४	३९
५०...०७७।११।१९	कृषि सिचाई वोरिङ जडान	१६३३२९६	१६३९०३५	३६

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१६.५</td><td></td><td></td><td>डोर हाजिरी फाराम नियन्त्रण खाताः कार्यालयले डोर हाजिरी फाराम नियन्त्रण खाता म.ले.प.फा.नं.१७५ राख्ने गरेको छैन भनें डोर हाजिरी फाराममा सिलसिलेवार नम्बर कायम गरी राखेको समेत छैन । यसले गदां आयोजनामा के कति डोर हाजिरी फारामहरु को,कसको नाममा र कुन कामको लागि कहिले जारी भए तथा डोर हाजिरी फारम जारी गर्नुको उद्वेश्य अनुसार काम भए नभएको यथार्थ मूल्याकन गर्ने अबस्था रहेन । डोर हाजिरी नियन्त्रण खाता राखी मागफारामको आधारमा नम्बरवाइज जारी गरी तोकिए अनुसार काम भए नभएको अनुगमन मूल्याकन गर्ने व्यबस्था हुनु आवश्यक देखिन्छ ।</td><td></td></tr>
<tr><td>१६.६</td><td></td><td></td><td>विजक र मूल्यांकनबीच फरकः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाईं र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्नेछ । देहायका उपभोक्ता समितिले तोकिएको निर्माण कार्य सम्पन्न गरी बील भर्पाइ सहित भुक्तानी माग गरेकोमा उपभोक्ताले खरिद गरेको निर्माण सामग्रीको परिमाण अनुसार खरिद परिमाण र मूल्यांकनमा निर्माण सामग्रिको परिमाण देहाय अनुसार बढी व्ययभार परेको देखिएको रु.
<table>
<tr><th rowspan="2">भौ.नं. र मिति</th><th rowspan="2">उपभोक्ता समिति</th><th rowspan="2">सामान</th><th colspan="3">परिमाण</th><th rowspan="2">दर</th><th rowspan="2">बढी मुल्यांकन</th></tr>
<tr><th>मूल्यांकन</th><th>खरिद</th><th>फरक</th></tr>
<tr><td>६१...०७७।१२।५</td><td>ढल निर्माण तथा खानेपानी पाइप विस्तार</td><td>सिमेन्ट</td><td>५९३</td><td>३१०</td><td>२८३</td><td>७४७</td><td>२११४०१</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>२११४०१</td></tr>
</table></td><td>२११,४०१</td></tr>
<tr><td>१७</td><td></td><td></td><td></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१७.१	१४१	२०७८-३-३	कार्यसम्पन्न प्रतिवेदनः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(११) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्वन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीवाट त्यस्तो कामको जाँसपास गराई त्यस्तो निकायवाट प्राप्त रकम र जनसहभागितावाट व्यहोरिएको श्रम नगद वा जिन्सी समेत कूल खर्चको विवरण सो निकायमा पेश गर्नु पर्नेछ । सम्बन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरण तथा उक्त निर्माण कार्यको सर्भे डिजाइन लागत अनुमान सुपरिवेक्षण र कार्यसम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पद समेत खुल्ने गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नु पर्नेछ ।सडक पि सि सि ढलान कार्यका लागि जनआवाज उपभोक्ता समितिसँग लागत अनुमान रु २१०८२८३ सम्झौता भएकोमा पहिलो र दोस्रो तथा अन्तिम विलवाट रु १९००००० भुक्तानी भएकोमा लेखापरीक्षणको क्रममा कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोले पेश हुनुपर्ने रु	१,९००,०००
१७.२	२६८	२०७८-३-३०	निर्माण व्यवसायीबाट काम गराएको: सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । पशु भेटनरी देखि गाउँको मेन गेट वाउन्नगढी जाने कालोपत्रे सम्म सोलार वत्ती देखि बेढीया इनार सम्म सडक स्तरोन्नती लागि रु १५०६१९७ मा सम्झौता भएकोमा कार्यसम्पन्न रु १४४१२७५ भएकोमा रु १२९३०७८ भुक्तानी भएको देखिन्छ । उपभोक्ता समितिले पेश गरेको विल अनुसार काली निर्माण सेवाको रु १०१५३७२ को विल तथा अन्यको डोर हाजिरि पेश गरेको देखिन्छ । उपभोक्ता समितिले आफै निर्माण कार्य गर्ने गरी सम्झौता गरेकोमा निर्माण व्यावसायीबाट काम गराइ सोही वरावरको निर्माण व्यवसायीहरूको बील पेश गरेको देखियो । नियमावलीमा भएको व्यवस्था विपरित काम गराउने उपभोक्ता समिति, जाँचपास गर्ने प्राविधिक तथा सिफारिसकर्ता एवं अनुगमनकर्तालाई यस सम्बन्धमा जिम्मेवार वनाउनु पर्ने देखिएको अनियमित रु	१,२९३,०७८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१७.३			जटिलसंरचना निर्माणः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरू यसप्रकार रहेका छन् :	

गो.भौ.नं./मिति	**उपभोक्ता समितिको नाम**	**कामको विवरण**	**भुक्तानी रकम**
गा.पा. पूँजीगत			
२३५–२०७८।३।२८	अधुरो मस्जिद भवन निर्माण	भवन निर्माण	५७८३७०
२५०–२०७८।३।२९	वैरिया अधुरो धर्मशाला निर्माण	भवन निर्माण	९४६३९२
२८०–२०७८।३।३०	अधुरो सहिद भवन निर्माण	भवन निर्माण	१४०००००
संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम			
९–२०७८।३।९, ४१–२०७८।३।३०	कृषि प्रशोधन भवन निर्माण	भवन निर्माण	१७१४६३५

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१७.४</td><td></td><td></td><td>गुणस्तर परीक्षण -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण देहाय बमोजिम छन् ।
<table>
<tr><th>भौ.नं. मिति</th><th>निर्माण कामको विवरण</th><th>लागत अनुमान</th><th>खुद भुक्तानी</th><th>कामको प्रकृति</th></tr>
<tr><td>४४...०७७।११।१७</td><td>पि सि सि ढलान र ढल निकास</td><td>१६२३८३०</td><td>१३८१३७७</td><td>उपभोक्ता समिति</td></tr>
<tr><td>१२९...०७८।२।२५</td><td>सडक पि सि सि</td><td>७५७९३२</td><td>७७००००</td><td>उपभोक्ता समिति</td></tr>
<tr><td>५६...०७७।१२।३</td><td>पक्की नाली निर्माण</td><td>१०८२५४६</td><td>९४०४७१</td><td>,,</td></tr>
<tr><td>१०७...०७८।१।२६</td><td>पि सि सि ढलान</td><td>२०४६०३०</td><td>१९०००००</td><td>,,</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१७.५</td><td></td><td></td><td>थप व्ययभार: सार्वजनिक खरिद नियमावली,2064 को नियम 10 अनुसार निर्माण कार्यको लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत पिसिसी ढलान, ढल निर्माण, भवन निर्माण जस्ता काम गराउँदा स्वीकृत नर्म्स र जिल्ला दररेट अनुसार हुने रकममा सम्झौता गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले आ.व. २०७७।७८ मा सम्झौता भई यो वर्ष भुक्तानी भएका योजनाहरुको लागत अनुमान तयार गर्दा सम्वन्धित विभागले पारित गरेको नर्म्सको प्रयोग गर्नुपर्नेमा डोलिडारको नर्म्स अनुसार लागत अनुमान तयार गरी सोही दरमा भुक्तानी गरेको देखियो । यसो गर्दा नर्म्समा दक्ष र अदक्ष जनशक्ति वढी प्रयोग भएको देखिन्छ । सडक निर्माण गर्दा सडककै, सिचाइको काम गर्दा सिचाईकै तथा भवनको काम गर्दा भवनको नर्म्स प्रयोग नगरि डोलिडारको नर्म्स प्रयोग गर्दा कार्यालयलाइ वढी व्ययभार पर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१७.६			सार्वजनिक खरिद नियमावली २०६४ को निमय ९७ मा उपभोक्ता समितिले निर्माण काम सम्पन्न भए पश्चात निर्माण कामको अनुगमन निरीक्षण तथा योजना हस्तान्त्रण एवम सम्पन्न योजनाहरुको उपभोक्ता समितिहरुले अभिलेख राख्नुपर्ने व्यवस्था रहेको पालिकाबाट संचालित योजनाहरुको निर्माण सम्पन्न पश्चात नियममा व्यवस्था भए अनुसार पालिकाबाट केही योजनाहरुको उपभोक्ता समितिहरुले अभिलेख निरिक्षण नभएको अनुगमन भएको योजनाहरुमध्ये केहि योजनाहरुको प्रतिवेदनमा संयोजक तथा अन्य पदाधिकारीको दस्तखत नभएको, केहि योजनाको अनुगमनमा एक जनाको मात्र दस्तखत भएको अनुगमन प्रतिवेदनमा अनुगमनबाट देखिएका व्यहोराहरु उल्लेख गरेको पाइएन। उपभोक्ता समितिले गरेका कार्यमा चेनेज खुलाउनु पर्नेमा नखुलाएकोले काम दोहोरो पर्न सक्ने, उपभोक्ता समितिले समयमा कार्य सम्पन्न नगरि म्याद थप हुने गरेको, डोर हाजिरिमा स्वीकृत गर्ने वुझाउने तथा कुन मितिमा कुन समितिले काम गरेको हो सो नखुलेको पाइयो ।उपभोक्तावाट हुने योजनामा माथि उल्लेख भएको व्यहोरामा सुधार गर्नुपर्दछ ।	
१८			**पदाधिकारीको दोहोरो सुविधा** पदाधिकारीको दोहोरो सुविधा: स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ को दफा १४(२) मा ऐनले निर्धारण गरेको सुविधा वाहेक अन्य सुविधा नपाउने व्यवस्था छ । तर पालिकाले सवारी साधन प्रयोग गर्नुभएका पदाधिकारी ज्यूहरुलाई यातायात सुविधा वापत रु. १०००० प्रदान गरेकाले दोहोरो सुविधा पर्न गएकोले उहाँहरुसँग असूल गर्नुपर्ने	१८०,०००

नाम	वडा	सवारी नं	महिना	रकम
दिवाकर प्रसाद चौधरी	३	लु.१.ब १९३६	९	९००००
हरेन्द्र प्रसाद यादव	७	लु.१.ब १९३५	९	९००००
जम्मा				१८००००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१९</td><td>251</td><td>२०७७-१०-१५</td><td>वैठक भत्ता भरपाईमा नवुझेको
वैठक भत्ता भरपाईमा नवुझेको: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल , भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्दछ । पदाधिकारीको वैठक भत्ता वितरणका लागि चक्रपाणी भण्डारीलाई १८५००० भुक्तानी दिएकोमा श्री घनश्याम गाहाले रु. ४२५०, श्री राजु सुवेदीले रु.४२५० , जेठ २७ को वैठकमा विभिन्न व्यक्तिले रु.६५४५, र असार २६ को वैठकमा विभिन्न व्यक्तिले रु. ५१०० भरपाईमा वुझेको नदेखिएकाले चक्रपाणी भण्डारीबाट असुल गरी दाखिला गर्नुपर्ने
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>१९.१</td><td>चक्रपाणी भण्डारी</td><td>२०,१४५</td></tr>
</table></td><td>२०,१४५</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२०			**लगवुक विना खर्च** ईन्धन खर्च सम्बन्धमाः महालेखा नियनन्त्रकको कार्यालयले एकीकृत आर्थिक संकेत, वर्गीकरण र ब्याख्या, 2074 मार्फत सम्पूर्ण सरकारी कार्यालयहरुलाई महालेखा परीक्षकबाट स्वीकृत म.ले.प फारामहरुको प्रयोग गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले कार्यालय प्रयोजनको लागि सवारी लगबुक राखेर ईन्धन खर्च भुक्तानी गरेको छैन । सवारी लगबुक सवारी प्रयोगकर्ताको नाम, सवारी चढ्नेको नाम र सवारी चलेको दुरी (किलोमिटर) उल्लेख नगरी राखेकोले ईन्धन वापत खर्च भएको रु.8,98,840/- वास्तविक र एकिन गर्न सकिएन । पालिकाले अनिवार्य रुपमा सवारी लगबुक राखी सवारी चढ्नेबाट प्रमाणित गराई ईन्धन खर्च लेख्नुपर्दछ ।	

गो.भौ.नं. र मिति	पार्टीको नाम/विवरण	खर्च रकम	कैफियत
15-2077/06/12	गणपति आयल स्टोर्स	147393	सवारी लगबुक नराखेको
113-2077/07/26	गणपति आयल स्टोर्स	71004	सवारी लगबुक नराखेको
213-2077/09/28	गणपति आयल स्टोर्स	85473	सवारी लगबुक नराखेको
131-2077/08/09	ईन्धन खर्च वापत भुक्तानी	84089	सवारी लगबुक नराखेको
246-2077/10/14	ईन्धन खर्च वापत भुक्तानी	95276	
300-2077/11/14	ईन्धन खर्च वापत भुक्तानी	94280	
455-2078/01/26	ईन्धन खर्च वापत भुक्तानी	198709	
714-2078/03/29	ईन्धन खर्च वापत भुक्तानी	122616	
जम्मा		898840	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२१			**स्वास्थ्य तलबि प्रतिवेदन** निजामती सेवा ऐन, 2049 अनुसार कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारीत गरी कर्मचारीहरुको तलब खर्च लेख्नुपर्नेमा तलबि प्रतिवेदन पारित नगरी स्वास्थ्य तर्फका कर्मचारीहरुको यस बर्ष रु.७८,५१,३७,५४७।- तलब खर्च लेखेको छ । तलबि प्रतिवेदन पारित गरी तलब खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।	
२२			**औषधि खरिद** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर पालिकाले औषधी खरिदको आवश्यकता र लागत अनुमान नै तयार नगरी कोटेशन माग गरेको र कोटेशनको आधारम कम मुल्य भएको कोटेशनलाई स्विकृति दिई क्यानडेला मेडि कन्सर्न बाट रु ११,९९,९३३ को औषधी खरिद गरेतापनि नेपाल सरकारको मान्यता अनुरुप खरिद गरिएको औषधीमा नेपाल सरकारबाट निशुल्क वितरणको लागि भन्ने लोगो र छाप नरहेको देखियो । तसर्थ नेपाल सरकारबाट प्राप्त अनुदानबाट खरिद गरी वितरण गरिने औषधीमा निशुल्क वितरणको लागि छाप लगाई वितरण गरिनु पर्दछ ।	
२३			**स्वास्थ्य तर्फका करार कर्मचारी** पालिकाले दरबन्दी अनुसारको पदपूर्ती गरी स्वास्थ्य सेवालाई निरन्तरता दिनु पर्दछ । तर पालिकाले स्वास्थ्य तर्फ अहेब, अनमि र कास गरी ३७ जना स्वास्थ्य कर्मीहरु करार सम्झौता गरी सेवा दिएको देखिन्छ ।यस सन्दर्भमा पालिकाले करार कर्मचारीको सट्टा दरबन्दी अनुसारको स्थायी पदपूर्ती गरी कार्य सुचारु गर्ने तर्फ ध्यान दिनुपर्दछ ।	
२४			**स्वास्थ्य कार्यक्रम** कार्यालयबाट सञ्चालित विभिन्न तालिम कार्यक्रमहरुको प्रगति प्रतिवेदन तयार गरी लक्ष्य अनुसारको प्रगति हासिल गर्नु पर्दछ । कार्यालयले नेपाल सरकार सशर्त कार्यक्रम स्वास्थ्य तर्फ सञ्चालित अधिकांश तालिम कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरेको छैन ।जसबाट भएको खर्च र कार्यक्रम विच तादात्म्यता भएको छ भनी आश्वस्त हुन सकिएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२५			**जोखिम भत्ता संघीय सशर्तबाट** नेपाल सरकारद्वारा जारी भएको कोरोना भाइरस (कोभिड १९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश,२०७७ को बुंदा ७(ङ)मा, अनुगमन मुल्याङ्कन तथा व्यवस्थापनमा संलग्न प्रशासनिक जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु तलब स्केलको ५० प्रतिशत र कन्ट्रयाक ट्रेसिङ्गमा खटिएका स्वास्थ्यकर्मी, क्वारेनटिनमा खटिएका जनशक्तिलाई ७५ प्रतिशत जोखिम भत्ता प्रदान गर्न सक्ने व्यवस्था छ। कार्यालयले उपलब्ध गराएको विवरण अनुसार गो.भौ.नं. ११० बाट १६ जना र गो.भौ.नं. १११ बाट ५७ जना अग्रपंतिमा खटेका स्वास्थ्यकर्मीहरुलाई तलबको ५० प्रतिशत जोखिम भत्ता वापत हुन आउने रु ९७५१०५ संघीय सशर्तबाट उपलब्ध गराएको देखिन्छ । यसरी कोभिड कोषबाट खर्च लेखिनु पर्ने खर्च संघीय सशर्तबाट खर्च गरेको देखिन्छ ।	
२६			**निकासा माग फारम** कार्यालयले शिक्षकको तलब र भत्ता निकासा दिँदा विधालयले पठाएको माग फारामको आधारमा चेक जाँच गरी दरबन्दी अनुसारको तलब भत्ता भुक्तानी गर्नुपर्दछ । पालिकाले ज्ञानज्योति प्रा.वि.लाई चौथो त्रिमासिकको तलब भत्ता निकासा गर्दा ३११९९६ निकासा हुनुपर्नेमा ३१४३९६ निकासा भएको देखियो । यसरी बढी निकासा भएको देखिएको रु २४०० सम्बन्धित विधालयबाट असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने देखिएको रु	२,४००
२७			**सामाजिक सुरक्षा** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । कार्यक्रम सञ्चालन कार्यविधिमा भएको व्यवस्था गाउँपालिकाले पालनामा ध्यान दिनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२८			**रिभर्स फिड र फर्वाड फिड** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को १३ नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेछ ।तर पालिकाले कार्यविधिमा उल्लेख भएको कुरा पालना गरेको नपाईएकोले कार्यविधि पालनामा ध्यान दिनुपर्छ । समय समयमा लाभग्राहिहरुको संख्या अध्यावधिक गर्नु पर्दछ । सामाजिक सुरक्षा बैकबाट भुक्तानी भएतापनि बैकहरुले रिभर्स फिड र फर्वाड फिड लागु नगरेकोले सम्बन्धित निकायको ध्यान जान जरुरी देखिन्छ ।	
२९	१५०	२०७८-३-२७	**स्यानिटरी प्याड खरिद र वितरण** सार्वजनिक विधालयका छात्राहरुलाई निशुल्क स्यानेटरी प्याड खरिद र वितरण कार्यक्रमका लागि विधालयबाट माग आएको आवश्यकताका आधारमा राष्ट्रिय पत्रिकामा प्रकाशित मुल्यको आधारमा लागत अनुमान तयार गरी ठेक्का मार्फत खरिद कार्य गर्नु पर्दछ । तर पालिकाले आवश्यकता पहिचान नगरी तथा लागत अनुमान पनि तयार नगरी ठेक्का मार्फत प्रविरा मेडिसिन सप्लायर्सबाट रु १४०९३७२ मा ४३००८ पाकेट खरिद गरेको र विधालयहरुलाई ४२०९९ पाकेट हस्तान्तर भएको र बाकी ९०९ पाकेट मौज्दात रहेको देखिन्छ । त्यसैले पालिकाले आवश्यकता पहिचान गरी आवश्यकताका आधारमा लागत अनुमान तयार गरी खरिद कार्य गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३०			**विधालयलाई छात्रवृति बढी निकासा** शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्धारा जारी गरिएको कार्यक्रम कार्यन्वयन निर्देशिका, २०७७/७८ को स.नं. ४.१ र ४.२ अनुसार कक्षा १-८ सम्म छात्रा तथा दलित छात्रछात्रालाई प्रति विधार्थी वार्षिक रु ४०० का दरले उपलब्ध गराउने व्यवस्था छ । कार्यालयले पालिका भित्र रहेका विधालयहरुमा वास्तविक लाभग्राहिहरुको संख्या यकिन गरी निकासा दिनुपर्दछ र विधालयले वितरण गरेको भरपाई लिई घट्टी वितरण गरेको देखिए निकासा फिर्ता लिई संघीय संचीत कोष खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ । नमुना छनौटको रुपमा निम्न विधालयहरुको परीक्षण गर्दा विधालयहरुले छात्रवृति वितरणको भरपाई देहाय बमोजिम कम वितरण गरेको देखियो । तसर्थ बचत देखिएको रकम सम्बन्धित विधालयबाट असुल गरी संचितकोष खातामा दाखिला गर्नुपर्ने देखीएको रु	४२,४००

सि.नं.	विधालयको नाम	छात्रवृति निकासा	वितरण	बढी निकासा
1.	ब्रहमबाबा प्रा.वि.	३९६००	३२०००	७६००
2.	आदर्श मा.वि.	१२०८००	११४८००	६०००
3.	महेन्द्र मा.वि.	९९२००	८६४००	१२८००
4.	सावित्रि आ.वि.	४२०००	३७६००	४४००
5.	जनता आ.वि.	३५६००	३३२००	२४००
6.	गणेश प्रा.वि. केवलपुर	१२०००	९६००	२४००
7.	गणेश मा.वि.जगनाथपुर	११०८००	वितरणको भरपाई नभएको	
8.	डम्बर बहादुर आ.वि.	१५२४००	१५०८००	१६००
9.	कोटही प्रा.वि.	३२०००	२६८००	५२००
	जम्मा	६४४४००	४९१२००	४२४००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३१	१५१	२०७८-३-२७	**नमुना विधालयलाई निकासा** नमुना विद्यालय:- स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवं शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धित "कार्यक्रम कार्यान्वयन पुस्तिका, आ व ०७७।७८ को क्रियाकलाप नं ८.६ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तरगतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । उक्त पुस्तिकामा विद्यालय भौतिक निर्माण कार्यक्रम सञ्चालन गर्दा सम्झौता भएका विद्यालयहरुलाई प्राविधिकहरुले निरीक्षण गरी दिएको प्रतिवेदनका आधारमा पहिलो किस्ताका रुपमा कुल अनुदान रकमको ३०% रकम अनुदान दिने, Structural Part को कार्य सम्पन्न भए पश्चात दोस्रो किस्ताका रुपमा कुल अनुदान रकमको ५०% रकम अनुदान दिने र कार्यसम्पन्न गरे पश्चात नापी किताव भरी कार्यसम्पन्न प्रतिवेदन समेतको आधारमा 20% अन्तिम किस्ता रकम अनुदान दिने व्यवस्था छ। पालिकाले त्रिभुवन मा वि लाइ काम नै सुरु नगरि एकमुष्ठ रु १५०००००० निकासा गरि खाता रोक्का गरेको देखिन्छ । पालिकाले संघीय सरकारको फिर्ता गर्ने रकम काम नै सुरु नभएको विद्यालयलाइ खाता रोक्का राखि निकासा गरेको अनुदान रकमको उचित प्रयोग गरी नापि किताव र कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु......	१५,०००,०००
३२			**पकेट क्षेत्र कार्यक्रम** प्रधानमंत्री कृषि आधुनिकिकरण आयोजना कार्यक्रम अन्तर्गत माछाको व्यवसायिक कृषि उत्पादन पकेट क्षेत्रको लागि पालिकाले लोटस बहुउदेशिय कृषक समूहलाई रु १५,००,००० निकासा दिएको देखिन्छ । समूहमा १६ जना कृषक मिलि समूह गठन गरेको तथा कार्यक्रमको लागि ११ जना कृषकले नयाँ पोखरी खन्नु भएको अरु कृषकको पहिला देखिको पोखरी रहेको देखिन्छ । पालिकाले उपलब्ध गराएको विवरणमा फोटो सहितको अनुगमन प्रतिवेदन रहेको देखिएन । तसर्थ अनुदानको सहि सदुपयोग भएको भएन भन्ने बारे अनुगमन गरी अनुदान सदुपयोगको सुनिश्चितता हुन आवश्यक देखिन्छ ।	
३३			**सिलाई कटाई तालिम** मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम अन्तर्गत लक्षित महिलाहरुको लागि सिलाई कटाई तालिम दिई सिलाई मेशिन उपलब्ध गराउने योजना अन्तर्गत कार्यालयले गो.भौ.नं. ३ बाट ४००००० को लागतमा ३ महिनाको तालिम भाडामा ३ वटा मेशिन २७००० मा लिई संचालन गरेको देखिन्छ र तालिम पश्चात गो.भौ.नं. ५ बाट सिलाई मेशिन रु २९७८६८ को लागतमा खरिद गरी वितरण गरेको देखिन्छ । यसरी कार्यालयले सिलाई कटाई तालिम दिने र मेशिन खरिद गरी वितरण गर्ने दुबै योजना संगसंगै रहेको हुदा सिलाई मेशिन भाडामा लिएको खर्च २७००० अनावश्यक देखिन्छ । तसर्थ कार्यालयले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्छ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३४</td><td>2</td><td>२०७८-१-३</td><td>स्टडी टेबल खरिद र वितरण
मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम अन्तर्गत कक्षा ८ का विधार्थीहरुका लागि study table खरिद गर्ने कार्यक्रमका लागि कार्यालयले स्मृति फर्निचर एण्ड होम डेकोरबाट रु ४९९,१८० मा प्रति लागत १२८० मा ३९० वटा study table खरिद गरेकोमा २८४ वटा मात्रको वितरणको भरपाई देखिएको र १०६ वटाको वितरणको भरपाई नदेखिएकोले वितरणको भरपाई पेश हुनुपर्ने रु</td><td>१३५,६८०</td></tr>
<tr><td>३५</td><td></td><td></td><td>कार्यक्रम संचालन
कार्यालयले कुनै पनि लक्षित कार्यक्रम संचालन गर्दा सकेसम्म कार्यालयबाट गर्ने कार्यालयबाट गर्न नसकिने कार्यक्रम दर्तावाला संस्थासँग सम्झौता गरी सम्झौता बमोजिम गर्नु गराउनु पर्दछ । तर पालिकाले लक्षित महिलाहरुका लागि सिलाई कटाई तालिम संचालन गर्नका लागि निम्न बमोजिमका मु.अ.करमा दर्ता नभएका संस्थाहरुसँग सम्झौता गरी भुक्तानी दिएको देखिन्छ । तसर्थ यसरी सम्झौता गर्दा मु.अ.करमा दर्ता भएका संस्था सँग सम्झौता गरी कार्यक्रम संचालन गर्नुपर्दछ ।
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>कार्यक्रम</th><th>भुक्तानी पाउने</th><th>रकम</th></tr>
<tr><td>६३-०७७/१२/१०</td><td>महिला सिलाई कटाई तालिम</td><td>जनजागृति अपाङ्ग संस्था</td><td>२०००००</td></tr>
<tr><td>३-०७८/१/१४</td><td>महिला सिलाई कटाई तालिम</td><td>जिल्ला अपाङ्ग खेलकुद संघ</td><td>४०००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>६०००००</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३६			**प्रधानमंत्री रोजगार कार्यक्रम** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छ तर बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला भएको यकिन नभएको, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार यस आ.व.मा निम्न बमोजिमको कार्यक्रम गरी रु ११४६१८९ खर्च गरेको देखिन्छ ।	

गो.भौ.नं./मिति	कार्यक्रम	श्रमिक संख्या	श्रमिक दिन	लागत रकम
१२६-०७८/३/२२	खानेपानी पाईप लाईन विस्तार	११	५७८	२९८८२६
१२७-०७८/३/२२	नन्दपुर-अमहवा तटबन्ध मर्मत	२०	३१२	१६१३०४
१२८-०७८/३/२२	सडक मर्मत संभार पर्सा	१०	५७९	२९९३४३
११३-०७८/३/१५	तटबन्ध मर्मत	२०	७४८	३८६७१६
जम्मा		६१	२२१७	११४६१८९

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३७			**खरिद कार्यको अभिलेख** खरिद कारवाहिको अभिलेख : सार्वजनकि खरिद नियमावली २०६४ को नियम १४९ मा सार्वजनिक निकायले हरेक खरिद कारवाहिको निम्ति छुट्टै फाOल खडा गरि राख्नुपर्ने उल्लेख छ । सो अनुसार पालिकाले हरेक खरिदको लागत अनुमान, बोलपत्र आह्वानको सूचना देखि, बोलपत्र खोल्दाको माइन्यूट,	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

बोलपत्रको मूल प्रति,सफल बोलपत्रदातालाइ पठाइएको स्विकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्र दाताहरुलाइ पठाइएको सूचनाको प्रतिलिपि, खरिद सम्झौता, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धि कागजात र कर्य सम्पन्न गर्दा सम्मको कागजात राख्नु पर्ने र उक्त अभिलेख खरिद कारवाही टुङ्गो लागेको कम्तिमा ७ वर्ष सम्म सुरक्षीत राख्नुपर्ने छ तर पालिकाले यस नियमावलीमा उल्लेख भए अनुसार अधिकांश खरिद कारवाहिको फाइल खडा गरी छुट्टै सम्पूर्ण कागजातहरु एउटै फाइलमा नराखि छुट्टाछुट्टै राख्ने गरेको कारण आवाश्यक कागजातहरु खोजेको समयमा उपलब्ध हुन नसक्ने लागतयका समस्याहरु हुन्छ । तसर्थ नियमानुसार खरिद कारवाहीको फाइल छुट्टै खडा गरि राख्ने तर्फ ध्यान दिनुपर्छ । देहायका ठेक्काहरुको ठेक्का सम्बन्धि कागजातहरु लेखापरीक्षणमा पेश नभएको कारण ति फाइल परीक्षण गरि सो सम्बन्धमा यकिन भन्न सकिएन

गो भौ नं र मिति	भुक्तानि रकम	ठेक्का नं	निर्माण व्यवसायीको नाम	लागत अनुमान	सम्झौता रकम	कैफियत
१२। ०७८। ३।१७	११५११९५९	१४। ०७७। ७८	प्रतिभा निर्माण सेवा	पेश नभएको	पेश नभएको	प्रथम रनिङ्ग बिल भुक्तानि भएको,लागत अनुमानदेखि सम्झौता तथा कार्यदिश पेश नभएको,मूल्यांकन समितिले बोलपत्र स्विकृतिको लागि निर्णय गरेको पाइएन
२४२। ०७८। ३।२९	७६८४४०	१२। ०७७। ७८	शिबशक्ति रियल स्टेट	२१४९३६५	१२९६८७२	प्रथम रनिङ्ग बिल भुक्तानि भएको,बोलपत्र मूल्यांकन,तुलनात्मक बिबरण पेश नभएको र मिति २०७७।८।७ गतेको मुचुल्काको प्रत्येक पानामा मुचुल्कामा सहभागीहरुले दस्तखत कारण गरि प्रमाणित नगरी उपस्थितिमा मात्र दस्तखत गरेको कारण स्पष्ट भएन ।
२३। ०७८। ३।२७	१०६२२१६	१३। ०७७। ७८	मनोहर कन्स्ट्रक्सन	४२८३०५५	२४४६३८०	प्रथम रनिङ्ग बिल भुक्तानि भएको, मुचुल्काको प्रत्येक पानामा मुचुल्कामा सहभागीहरुले दस्तखत कारण गरि प्रमाणित नगरी उपस्थितिमा मात्र दस्तखत गरेको कारण स्पष्ट भएन ।
२२।	१९६९८८८	२१।	पोखरेल	३५७११९३	२०२१५६२	अन्तिम बिल भुक्तानि भएको, मुचुल्काको प्रत्येक पानामा मुचुल्कामा

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			(तलको तालिका)	

०७८।३।२७		०७७।७८	निर्माण सेवा			सहभागीहरुले दस्तखत कारण गरि प्रमाणित नगरी उपस्थितिमा मात्र दस्तखत गरेको कारण स्पष्ट भएन ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३८			**गणेश मा बि मा बाउण्ड्रिवाल निर्माण**	८१,३६१

गणेश मा बि मा वाउण्ड्रिवाल निर्माण: पालिकाको वडा नं ७ को गणेश माध्यमिक बिद्यालयको बाउण्ड्रिवाल निर्माण गर्न संघिय पूँजिगतको तराइ मधेश समृद्धि कार्यक्रममा रु २५०००००।०० र गाउँपालिका पूँजिगतको रु २७७७७७।०० गरि कुल बजेट रु २७७७७७७।०० को बजेट व्यवस्था भए अनुसार सो काम गर्न ठेक्का नं २२।०७७।७८ को लागत अनुमान रु २७७५५२८।०० तयार गरि प्रतिस्पर्धाको माध्यमबाट छनौट भएको पुन कन्स्ट्रक्सन नवलपरासीसङ्ग मिति २०७८।२।१५ सम्म सम्पन्न गर्ने गरि रु १८०९३६२।०० मा मिति २०७७।१०।२७ गते सम्झौता भए अनुसार निर्माण काम सम्पन्न गरि गो भौ नं १५। ०७८।३।२२ बाट रु १७७१५९७।०० भुक्तानि भएकोमा देहाय अनुसार देखियो ।

(१) **गणेश मा बि मा वाउण्ड्रिवाल निर्माणको लागत अनुमानको दर:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कामको लागत अनुमान तयार गर्दा सम्बन्धित कामको लागि स्विकृत भएको नर्मसको आधारमा तयार गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको वडा नं ७ को गणेश माध्यमिक बिद्यालयको बाउण्ड्रिवाल निर्माण गर्न ठेक्का नं २२।०७७।७८ को लागत अनुमान भवनको नर्मसको आधारमा रु २७७५५२८।०० तयार गरेको पाइयो । वाउण्ड्रिवालको लागत अनुमान तयार गर्दा सो को दररेट जनरल नर्मस प्रयागो गरेको अवस्थामा देहाय अनुसार मितव्ययि हुनेमा भवनको दररेटको आधारमा लागत अनुमान तयार गरेको कारण रु ८१३६१।०० बढि व्ययभार पर्न गएको रु

आइटमको नाम	परिमाण	लागत अनुमानमा समाबेश दर	रकम	जनरल नर्मसको दररेट	रकम	बढि व्ययभार परेको रकम
Excavationin all types of soil in foundation	88.20 Cum	663.32	58504.82	644	56800.80	1704
Providing and Laying PCC in 1:3:6	17.01 Cum	10187.63	173291.59	8899.16	151374.71	21917
Providing and Laying Un-coursed rubble massonry in 1:4	170.10 Cum	10793.64	1835998	10454.19	1778258	57740

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय							बेरुजु रकम
			जम्मा						**81361**	

(२) **गणेश मा बि मा वाउण्ड्रिवाल निर्माणको म्याद थप सम्बन्धमा:** सार्वजनिक खरिद खरिद नियमावलि २०६४ को नियम १२० मा निर्माण व्यवसायीहरुले सम्झौतामा तोकिएको समयभित्र निर्माण काम सम्पन्न गर्न नसकेमा म्याद समाप्त हुनु भन्दा कम्तिमा २१ दिन अगाडि कारण सहित म्याद थपको लागि निबेदन दिनुपर्ने,उपनियम २ मा यसरी म्याद थपको लागि निबेदन प्राप्त भए पश्चात निर्माण व्यवसायीले सम्झौता बमोजिमको काम समयमै सम्पन्न गर्न निर्माण व्यवसायीले भरमग्दुर प्रयास गरे नगरेको सम्बन्धमा सार्वजनिक निकायले आबाश्यक जाँचबुझ गरी म्याद थपको प्रक्रिया अगाडि बढाउनुपर्ने व्यवस्था रहेको छ । वडा नं ७ को गणेश माध्यमिक बिद्यालयको बाउण्ड्रिवाल निर्माण गर्न ठेक्का नं २२।०७७।७८ पुन कन्स्ट्रक्सन नवलपरासीसङ्ग मिति २०७८।२।१५ सम्म सम्पन्न गर्ने गरि रु १८०९३६२।०० मा मिति २०७७।१०।२७ गते सम्झौता भए अनुसार निर्माण काम मिति २०७८।३।२० मा सम्पन्न गरि गो भौ नं १५। ०७८।३।२२ बाट रु १७७१५९७।०० भुक्तानि भएको छ । निर्माण व्यवसायीले शुरु तोकिएको म्याद मिति २०७८।२।१५ मा निर्माण काम सम्पन्न नगरि बिबिध कारणले काम सम्पन्न हुन नसकेको कारण जनाइ म्याद समाप्त हुनु भन्दा ४ दिन अगाडि मात्र मिति २०७८।२।११ मा म्याद थपको लागि निबेदन दिए अनुसार पालिकाले मिति २०७८।२।१२ मा कोभिडको कारणले मिति २०७८।३।२५ सम्म म्याद थप गरेको पाइयो । यसरी निर्माण व्यवसायीले निर्माण कार्यको म्याद समाप्त हुनु भन्दा २१ दिन अगाबै म्याद थपको लागि निबेदन दिनुपर्नेमा ४ दिन अगाडि मात्र दिएको अवस्थामा समेत पालिकाले नियमानुसार पूर्व निर्धारित क्षतिपूर्ति नलगाइ म्याद थप गरेको नियमसम्मत देखिएन ।

(३) **गणेश मा बि मा वाउण्ड्रिवाल निर्माणको अनुगमन सम्बन्धमा:** वडा नं ७ को गणेश माध्यमिक बिद्यालयको बाउण्ड्रिवाल निर्माण गर्न ठेक्का नं २२।०७७।७८ पुन कन्स्ट्रक्सनले निर्माण गरेको कामको गा पा कार्यवाहक अध्यक्ष ज्यूको संयोजकत्वको १० सदस्सिय समितिबाट मिति उल्लेख नगरि २०७८ साल मात्र उल्लेख गरिएको अनुगमन तथा मूल्यांकन प्रतिबेदन पेश गरेकोमा सो प्रतिबेदनमा बहुमत सदस्यको दस्तखत नभएको ४ जनाको मात्र दस्तखत रहेको,सम्झौता मिति मात्र उल्लेख गरि सम्पन्न भएको मिति नखुलाएको,अनुगमनको क्रममा देखिएका व्यहोराहरु नखुलाएको,आयोजना संचालनमा देखिएका समस्याहरु तथा सुझाबहरु नखुलाएको,निर्माण व्यवसायीको उपस्थिति नरहेको र अनुगमन गरि भुक्तानि दिन मिल्ने नमिल्ने निष्कर्ष नखुलाइ प्रतिबेदन पेश गरेको कारण अनुगमन समितिले प्रभावकारी रुपमा अनुगमन भएको थियो भन्न सकिने अवस्था नभएको हुनाले पालिकाले योजनाहरुको प्रभावकारी रुपमा अनुगमन गरी निर्माण कामको गुणस्तर तथा तोकिएको समयमै निर्माण काम गर्न गराउन सहयोग हुने गरि काम गर्नुपर्दछ ।

(४) **गणेश मा बि मा सिधैं कोटेशनबाट रंगरोगन कार्य:** वडा नं ७ को गणेश माध्यमिक बिद्यालयलयमा बोलपत्रको माध्यमबाट भएको वाउण्ड्रिवाल निर्माणमा बचत भएको रकमबाट सिधैं कोटेशनबाट लागत अनुमानकै दररेटमा रंगरोगनको काम बोलपत्रबाट निर्माण काम गराएकै निर्माण व्यवसायी पुन कन्स्ट्रक्सन नवलपरासीबाटै गराइ गो भौ नं ३१।०७८।३।२९ बाट रु ४४९७९०।०० भुक्तानि दिएको पाइयो । निर्माण व्यवसायीले लागत अनुमानको तुलनामा ३४.८१ प्रतिशत कम रकममा बाउण्ड्रिवाल निर्माण गरेको हुदाँ सो बिद्यालयको रंगरोगन पनि सोहि निर्माण व्यवसायीलाइ दिएको हुदाँ निर्माण व्यवसायीसँग दररेट

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			नेगोसेशन गरी बोलपत्रमा घटेको दरमा अर्थात रंगरोगनमा खर्च भएको रु ४४९७९०।०० को ३४.८१ ले हुने रु १५६५७१।०० घटाइ काम गराएको अवस्थामा पालिकालाइ थप व्ययभार हुनबाट रकम बचत भइ खर्च कम हुने तर्फ पालिकाको ध्यान गएको पाइएन ।	
३९			**रितपूर्वकको कर बिजक** **रितपूर्बकको कर बिजक** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । ठेक्का नं १४।०७७।७८ बाट बेलाटारी चोकदेखि कदमहवा टोल सडक निर्माण गर्ने निर्माण व्यवसायी प्रतिभा निर्माण सेवा अर्घाखाँचीलाइ गो भौ नं १२।२०७८।३।१७ बाट रु ११५१९५९।०० प्रथम रनिङ्ग बिल भुक्तानि दिएकोमा निर्माण व्यवसायीले रित पूर्ककको कर वीजक बेगर पेश नगरी बिजक नं केरमेट गरि जारि गरेको बिजक नं ५२।२०७८।३।१७ पेश गरेको आधारमा मु.अ.कर रु.११७७३४।०० समेत रु.११५१९५९।०० भुक्तानि गरेको छ । तसर्थ उक्त निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.	११७,७३४
४०			**म्याद थप र पूर्वनिर्धारित क्षतिपूर्ति** **म्याद थप तथा पूर्व निर्धारित क्षतिपूर्ति** सार्वजनिक खरिद खरिद नियमावलि २०६४ को नियम १२० मा निर्माण व्यवसायीहरुले सम्झौतामा तोकिएको समयभित्र निर्माण काम सम्पन्न गर्न नसकेमा म्याद समाप्त हुनु भन्दा कम्तिमा २१ दिन अगाडि कारण सहित म्याद थपको लागि निबेदन दिनुपर्ने,उपनियम २ मा यसरी म्याद थपको लागि निबेदन प्राप्त भए पश्चात निर्माण व्यवसायीले सम्झौता बमोजिमको काम समयमै सम्पन्न गर्न निर्माण व्यवसायीले भरमग्दुर प्रयास गरे नगरेको सम्बन्धमा सार्वजनिक निकायले आबाश्यक जाँचबुझ गरी म्याद थपको प्रक्रिया अगाडि बढाउनुपर्ने र निर्माण व्यवसायीको लापरवाहीको कारण समयमै निर्माण काम सम्पन्न नभएको अवस्थामा नियम १२१ बमोजिम तोकिएको म्यादमा निर्माण काम सम्पन्न नभएमा सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरि प्रति दिन ०.०५ प्रतिशतको दरले पूर्व निर्धारित क्षतिपूर्ति लगाउनुपर्ने व्यवस्था रहेको छ । ठेक्का नं १२।०७७।७८ को महेशपुर त्रिवेणि सठक अन्तर्गत झुल्निपुर गाउँमा कालोपत्रे गर्ने कामको लागि निर्माण व्यवसायी शिव शक्ति रियल स्टेट एण्ड सौरब कन्स्ट्रक्सन प्रा लि सँग मिति २०७७।१२।३० सम्म सम्पन्न गर्नेगरि रु १२९६८७२।०० मा मिति २०७७।९।८ मा सम्झौता भएकोमा निर्माण व्यवसायीले निर्माण काम सम्पन्न नगरी प्रथम रनिङ्ग बिलको नापी मिति २०७८।३।२६ गते अर्थात तोकिएको म्याद भन्दा ५६ दिन पश्चात काम गरि प्रथम रनिङ्ग बिल रकम गो भौ नं २४२।०७८।३।२९ बाट रु ७६८४४०।०० भुक्तानि दिएको पाइयो । निर्माण व्यवसायीले मिति २०७७।१२।२० र मिति २०७८।३।२ मा निर्माण सामाग्रि अभाव लगायतको कारण देखाइ म्याद थप माग गरेकोमा पालिकाले म्याद थप सदर नगरेको कारण नियमावलि अनुसार ५६ दिनको रु ३६३१२।०० पूर्व निर्धारित क्षतिपूर्ति असुल गरि भुक्तानि दिनुपर्नेमा पालिकाले हर्जाना असुल नगरेकोले रु ३६३१२।०० असुल गर्नुपर्ने रु	३६,३१२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४१			**ह्यूम पाइप खरिद** **ह्यूम पाइप जडान भएको प्राबिधिक मूल्यांकन पेश नभएको** पालिकाको वडा नं १ मा हुयुम पाइप खरिद तथा जडान कार्यको लागि रु १३००००००।०० बजेट व्यवस्था भए अनुसार ३ साइजको ह्यूम पाइप खरिद मात्र गर्न रु १२९२२४५।०० को लागत अनुमान तयार गरि प्रतिस्पर्धाको माध्यमबाट छनौट भएको युनिक नेपाल ह्यूम पाइप उद्योग चितवनसँग रु ८६१५१२।०० मा मिति २०७८।३।१८ मा सम्झौता गरे अनुसार ह्यूम पाइप सप्लाइ गरि गो भौ नं २२५। ०७८।३।२७ बाट रु ८६१५१२।०० भुक्तानि भएको पाइयो । यसरी स्विकृत कार्यक्रम ह्यूम पाइप खरिद गरी जडान गर्ने रहेकोमा पालिकाले ह्यूम पाइप खरिद गरि जिन्सि दाखिला गरेकोले स्विकृत कार्यक्रम बिपरित खरदि मात्र गरेको नियमसम्मत देखिएन । खरिद गरेको ह्यूम पाइपहरु ४५ से मि डायको १० वटा,६० से मि डायको ४० वटा र ९० से मि डायको ६ वटा जिन्सि दाखिला भएको जिन्सी खाता पेश नभएकोले यकिन गर्न सकिएन । तसर्थ यसरी खरिद गरिएका ह्यूम पाइपहरु सम्बन्धित योजनामा जडान भएको नापी तथा प्राबिधिक मूल्यांकन पेश हुनुपर्ने रु	८६१,५१२
४२			**बाउनगढी मन्दिर देखि बरगदवा जाने मुख्य सडकमा जोड्ने सडक**	
४२.१			ठे.नं. NCB/15-077/78 : बाउनगढी मन्दिर देखि बरगदवा जाने मुख्य सडकमा जोड्ने सडक स्तरोन्नती कार्यको लागि पालिका र निर्माण व्यवसायी एम भण्डारी कन्स्ट्रक्सन एण्ड रियल प्रा.लि. वीच कवोल अंक रु २४,७६,६८८.७० (भ्याट समेत) को मिति २०७८।२।३० मा सम्पन्न गर्ने गरी मिति २०७७। १०।१३ मा सम्झौता भएको छ । गो.भौ. १०।०७८।३।१६ वाट दोश्रो तथा अन्तिम विल वापत रु ११,८४,५७०।७० भुक्तानी भएको छ । यस सम्वन्धमा देखिएको व्यहोराहरु निम्नानुसार रहेको छ :	
४२.२			प्रोभिजनल सम : वी.ओ.क्यु. मा प्रोभिजनल सम वापत तोकिएको रकमको सीमा सम्म सक्कल कर विजकको आधारमा भुक्तानी गर्नु पर्दछ । प्रोभिजनल सम आइटमको ल्याव टेष्ट वापत रु १०,०००।०० भुक्तानी भएकोमा सक्कल विल पेश नभई प्रतिलिपीमात्र पेश भएकोले सक्कल विल पेश हुनु पर्दछ रु ..	१०,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४२.३			वीमा पोलिसी : खरिद सम्झौताको GCC 19.2 मा Policies and Certificates for insurance shall be delivered by the contractor to the project manager for the project managers approval before the start date को व्यवस्था छ । प्रोभिजनल सम आइटमको वीमा वापत रु १४,७६२।०० भुक्तानी भएकोमा कार्य सम्पन्न भएको अवधि (मिति २०७८।०२।१७) मा नेको इन्स्योरेन्स ली. को वीमा पोलिसी जारी भएको प्रमाण राखी भुक्तानी भएकोले सम्झौताको शुरुमा नै वीमा पोलिसी जारी गरी भुक्तानी हुनु पर्नेमा कार्य सम्पन्न भएको मितिमा वीमा पोलिसी जारी भएको प्रमाण पेश भएको नियम सम्मत भएन रु..	१४,७६२
४३			**१५ वेडको स्वास्थ्य केन्द्रको भवन निर्माण** मूल्यवृद्धि भार : ठे.नं. NCB/31 - 077/78 : वडा नं. २ को १५ वेडको स्वास्थ्य केन्द्रको भवन निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी लामा कन्स्ट्रक्सन कम्पनी प्रा.लि. वीच कवोल अंक रु ११,२४,१३,५५१।२३(मू.अ.कर र पी.एस. समेत) को मिति २०८०।३।२० मा कार्य सम्पन्न गर्ने गरी मिति २०७८।३।२० मा सम्झौता भएको छ । Bid Document को Table of Price Adjustment Data मा Bidders proposed weightings should be within the range specified by the range specified by the Employer in column-5 उल्लेख भएकोमा पालिकाले Employer's Proposed Weighting Range (Coefficient) मा कुनै range उल्लेख गरेको छैन् । निर्माण व्यवसायीले Non Adjustable 0.15, Labour 0.60, materials 0.20, equipment usage 0.05 उल्लेख गरी पेश भएको छ । पालिकाले range उल्लेख नगर्दा निर्माण व्यवसायीले स्वविवेकीय तरिकाले भार उल्लेख गरी पेश गरेको देखियो । यसले गर्दा मूल्यवृद्धि वापत वढी रकम भुक्तानी हुन सक्ने सम्भावना रहन्छ । वोलपत्र सम्वन्धि कागजातमा उल्लेख भएको व्यवस्थाहरुको पूर्ण पालना गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४४			**पूर्वनिर्धारित क्षतिपूर्ति** पूर्वनिर्धारित क्षतिपूर्ति : गो.भौ. १५२।०७८।०३।०८ ठे.नं. ०४।०७७।७८ - शान्तिटोलको मुख्य वाटो निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी पोखरेल निर्माण सेवा वीच कवोल अंक रु १६,२३,२२०।०४ (मू.अ.कर समेत) को मिति २०७७।१०।१३ मा कार्यसम्पन्न गर्ने गरी मिति २०७७।७।१३ मा सम्झौता भएको छ । यस कार्यको खरिद सम्झौताको SCC को GCC मा पूर्वनिर्धारित क्षतिपूर्ति सम्झौता रकमको प्रति दिन ०.०५% का दरले लाग्ने व्यवस्था छ । यस निर्माण कार्यको पालिका र निर्माण व्यवसायी पोखरेल निर्माण सेवा विच कवोल अंक रु १४,३६,४७७।९१ (मू.अ.कर वाहेक) को मिति २०७७।१०।१३ मा सम्पन्न गर्ने गरी मिति २०७७।७।१३ मा सम्झौता भएको छ । यस कार्यको कार्य सम्पन्न मिति २०७७।१०।१३ मा सम्पन्न गर्नु पर्नेमा मित २०७७।११।१२ मा सम्पन्न भएकोमा म्याद थप नगरी रु १६,२१,९१०।८९ भुक्तानी दिएको छ । म्याद समाप्त भएको कामको म्याद थप नगरी भुक्तानी दिएकोले ढिला भएको २९ दिनको प्रतिदिन ०.०५% का दरले हुने रु २०,८२८।०० पूर्वनिर्धारित क्षतिपूर्ति सम्वन्धित निर्माण व्यवसायीवाट असुल हुनुपर्ने रु...........	२०,८२८
४५			**राजश्व ढीलो दाखिलाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यालय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दशप्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दशप्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन वमोजिम विभागिय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था रहेको छ । निम्नानुसार वडा कार्यालयहरुबाट श्रावण देखि आषाढ सम्म संकलन गरेको राजश्व रकम कार्त्तीक देखि आषाढ मसान्तसम्म ढिलो हुने गरी दाखिला भएको पाईयो । पालिकाले वडा कार्यालयहरुबाट ढीलो दाखिला भएको निम्नानुसार रकममा कानुन बमोजिम १० प्रतिशत जरिवाना लगाउनुपर्ने देखिएको रु.	७९,६२७

राजश्व संकलन काउण्टर	राजश्व संकलन महिना	राजश्व दाखिला मिति	रकम	10 प्रतिशत जरिवाना	जिम्मेवार व्यक्ति
वडा नं.1	श्रावण देखि आश्विन	मिति 2077/07/04	51610	5161	सुस्मिता पौडेल
वडा नं.2	श्रावण र भाद्र	मिति 2077/06/13	88302	8831	विरेन्द्र कुमार चौधरी
वडा नं.3	श्रावण देखि आश्विन	मिति 2077/07/02	117657	11766	चेतनारायण चौधरी
वडा नं.4	श्रावण देखि आश्विन	मिति 2077/08/08	134305	13431	फुलचन विन

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय							बेरुजु रकम
				वडा नं.5	श्रावण देखि आश्विन	मिति 2078/03/28	55313	5532	सागर अर्याल	
				वडा नं.6	श्रावण देखि आश्विन	मिति 2077/07/17	62146	6215	नरेन्द्र कुमार पाण्डेय	
				वडा नं.7	श्रावण देखि आश्विन	मिति 2077/09/20	66883	6689	केशब तिवारी	
				वडा नं.8	श्रावण देखि आश्विन	मिति 2077/7/17	99591	9960	राम बहादुर क्षेत्री	
				वडा नं.9	श्रावण देखि आश्विन	मिति 2077/06/27 मिति 2077/12/02	120414	12042	मुना भण्डारी	
				जम्मा				79627		
४६	१७	२०७७-६-१४	**खर्च भन्दा अधिक भुक्तानी** खर्च भन्दा अधिक भुक्तानी: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल , भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्दछ । घरधनी श्री सुमित्रा देवी कानुलाई श्रावण र भाद्रको घरभाडामा रु.८१६७५, विद्युत मिटर जडान र सामग्री खरिदमा रु.७५१० , २०७५ श्रावण देखी २०७६ सम्मको विद्युत महसुल रु.१९७७० गरी रु.१०८९५५ भुक्तानी गर्नुपर्नेमा उहाँले तिर्नुपर्ने विगतको विद्युत महसुल पनि पालिकाले भुक्तानी दिई रु. १३३०६९ भुक्तानी गरेकाले अधिक रकम असुल गर्नुपर्ने							२४,११४

क्रम	**कर्मचारीको नाम**	**असुली रकम**
४६.१	सुमित्रा देवी कानु	२४,११४

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४७	659	२०७८-३-२५	**गैरसरकारी संस्थाबाट गरिएको कार्य** गैर सरकारी संस्थाबाट गरीएको कार्य: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, सबलीकरण, मुल प्रवाहीकरण जस्ता कार्य गैर सरकारी संस्थामार्फत गराउँदा छिटो, छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा गैर सरकारी संस्थाबाट तोकिए बमोजिमको प्रक्रिया अपनाई गराउन सक्ने उल्लेख छ । यस पालिकाले सरुवा रोग तथा यौनरोग सम्बन्धी किशोरकिशोरीलाई स्वास्थ्य शिक्षा सम्बन्धी तालिम नेपाल वाईरिङ मजदुर सेवा संस्थाबाट गरेको छ। ऐनको व्यवस्था विपरीत तोकिएका कार्यभन्दा भिन्नै प्रयोजनमा कार्यक्रममा असम्बन्धित संस्थासँग सरकारी स्रोत खर्च गरी भुक्तानी दिने कार्य नियम सम्मत देखिएन।	२३७,२५५
४८	४४६	२०७८-१-१३	**नन्फाइलरबाट खरिद** नन्फाइलरबाट खरिद – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले जेष्ठनागरिक सम्मान कार्यक्रमका लागि हिमाल ट्रेडर्सबाट मिति २०७७।१०।१८ गते विल नं नभएको विलबाट ७० थान ब्लेङ्केट रु.८६७८२.५ मा खरिद गरी रु.१२९६७ मु.अ.कर सहित रु.९९७५० भुक्तानी दिएको र उक्त व्यवसायि नन्फाइलर रहेकाले उक्त व्यवसायिबाट असुल गर्नुपर्ने	१२,९६७
४९			**दोहोरो भ्रमण भत्ता** दोहोरो भ्रमण भत्ता: भ्रमण खर्च नियमावली, २०६४ अनुसार दोहोरो भ्रमण खर्च हुनेगरी भुक्तानी दिनुहुदैन । सवारी चालक श्री नारायण थारुलाई गो.भौ.नं २९ बाट २०७७ भाद्र २६ र २७ गते वुटवल र गो.भौ.नं ३२ बाट २०७७ भाद्र २३ देखी २९ सम्म संघीय तथा सामान्य प्रशासन मन्त्रालय , काठमाण्डौ गएको भनी भ्रमण भत्ता लिएको देखिएकाले दोहोरो भ्रमण भत्ता असुल गर्नुपर्ने	१,७५०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५०			**कार्य सम्पादन जमानत नपूग** **कार्य सम्पादन जमानत नपुग** सार्वजनिक खरिद ऐन २०६३ को दफा नं २७ को उपदफा ४ मा बोलपत्र स्विकृत भएको सूचना पाएको १५ दिनभित्र निर्माण व्यवसायीले लागत अनुमान भन्दा १५ प्रतिशतसम्म कम अंक कबोल गरेमा कबोल अंकको ५ प्रतिशत र लागत अनुमानको १५ प्रतिशत भन्दा बढी घटेर कबोल गरेको अवस्थामा १५ प्रतिशत भन्दा जति रकमले घटि कबोल गरेको छ सो को ५० प्रतिशतले हुन आउने रकम कबोल अंकको ५ प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत बापत दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । देहायमा उल्लेख गरिएका निर्माण व्यवसायीहरुले नियममा व्यवस्था भएको भन्दा घटी जमानत पेश गरेको आधारमा पालिकाले निर्माण व्यवसायीसँग सम्झौता गरेको पाइएकोले नियमसम्मत देखिएन । यस तर्फ पालिकाले उचित ध्यान दिनुपर्दछ ।	

ठेक्का नं	**निर्माण व्यवसायीको नाम**	**लागत अनुमान**	**कबोल अंक**	**घटि कबोल प्रतिशत**	**कार्य सम्पादन जमानत पेश हुनुपर्ने रकम**	**कार्य सम्पादन जमानत पेश भएको रकम**	**घटि कार्य सम्पादन रकम**
८। ०७६। ७७	शुभलक्ष्मी कन्स्ट्रक्सन रामग्राम	४८३७६९५	२७९३९६९	४२.२५	७९८७३५	६३५५३५	१६३२००
९। ०७६। ७७	शुभलक्ष्मी कन्स्ट्रक्सन रामग्राम	४८३३०२४	२८७८८१४	४०.४३	७५८५६९	५९१४०५	१६७१६४
१०। ०७६। ७७	शुभलक्ष्मी कन्स्ट्रक्सन रामग्राम	४८४३९३१	२७४६४०७	४३.३०	८२२७८८	६६३३७०	१५९४१८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५१			**म्याद थप र पूर्वनिर्धारित क्षतिपूर्ति** **म्याद थप तथा पूर्व निर्धारित क्षतिपूर्ति** सार्वजनिक खरिद खरिद नियमावलि २०६४ को नियम १२० मा निर्माण व्यवसायीहरुले सम्झौतामा तोकिएको समयभित्र निर्माण काम सम्पन्न गर्न नसकेमा म्याद समाप्त हुनु भन्दा कम्तिमा २१ दिन अगाडि कारण सहित म्याद थपको लागि निबेदन दिनुपर्ने,उपनियम ३ मा बोलपत्र स्विकृत गर्ने अधिकारीले शुरु म्याद अवधिको १५ प्रतिशतसम्म,उपनियम ६ मा शुरु सम्झौताको ५० प्रतिशत भन्दा बढि हुने गरी म्याद थप गर्न नमिल्ने र निर्माण व्यवसायीको लापरवाहीको कारण समयमै निर्माण काम सम्पन्न नभएको अवस्थामा नियम १२१ बमोजिम तोकिएको म्यादमा निर्माण काम सम्पन्न नभएमा सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरि प्रति दिन ०.०५ प्रतिशतको दरले पूर्व निर्धारित क्षतिपूर्ति लगाउनुपर्ने व्यवस्था रहेको छ । देहायमा उल्लेख गरिएका ठेक्काहरुको निर्माण काम गर्ने निर्माण व्यवसायीलाइ पूर्व निर्धारित क्षतिपूर्ति लगाइ निर्माण काम सम्पन्न गराउनुपर्नेमा निर्माण व्यवसायीलाइ क्षतिपूर्तिबाट उन्मुक्ति दिइ शुरु सम्झौता मितिको तुलनामा ५० प्रतिशत भन्दा अत्यधिक बढि हुनेगरी नियममा भएको व्यवस्था विपरित प्रमुख प्रशासकिय अधिकृतबाट म्याद थप गरि भुक्तानि दिएको नियमसम्मत देखिएन ।	२२,५००

गो भौ नं र मिति	भुक्तानि रकम	ठेक्का नं	निर्माण व्यवसायीको नाम	सम्झौता रकम	सम्झौता मिति	शुरु म्याद	म्याद थप	म्याद थप प्रतिशत
५।०७७।७।२७	३२२६८८४	९।०७६।७७	शुभलक्ष्मी कन्स्ट्रकसन	३२६८०५९	२०७७।२।१५	२०७७।३।३०	२०७७।९।२५	३८९
६।०७७।७।२७ र १४।०७७।९।१५	३१२८६४२	८।०७६।७७	शुभलक्ष्मी कन्स्ट्रकसन	३१७९६८४	२०७७।३।१४	२०७७।३।३०	२०७७।९।२५	६७३

(१) **पि एस आइटमको बिल भरपाइ पेश नभएको** ठेक्का नं ८।०७६।७७ बाट बर्दघाटे र हर्षपुरा अधुरो कालोपत्रे देखि दक्षिण बोर्डरसम्म सडक कालोपत्रे गर्न शुभलक्ष्मी कन्स्ट्रक्सन सँग रु १८८०८७१।०० मा सम्झौता भए अनुसार गो भौ नं ६।२०७७।७।२७ र १४।०७७।९।१५ बाट रु ३१२८६४२।०० भुक्तानि भएकोमध्ये गुणस्तर परिक्षण आइटम पि एस मा रहे अनुसार रु २२५००।०० निर्माण व्यवसायीलाइ भुक्तानि भएकोमा निर्माण व्यवसायीले ल्याव टेष्ट वापत रकम भुक्तानि गरेको बिल भरपाइ पेश नगरेको हुनाले सो को बिल भरपाइ पेश हुनुपर्ने अन्यथा असुल उपर हुनुपर्ने रु

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५२			अनुगमन तथा सम्परीक्षण **अनुगमन तथा सम्परीक्षण**–स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।	
५३			अद्यावधिक वेरुजु यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ	

गत वर्षसम्मको बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)	गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B)
११४५८५९९१	०	११४५८५९९१

गत वर्षसम्मको बाँकी बेरुजू(A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)	यो वर्ष कायम बेरुजू(C)	संपरीक्षणबाट कायम बेरुजू(D)	अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)
११४५८५९९१	०	२०८९१४५४	०	१३५४७७४४५

https://nams.oag.gov.np